# पाठ २

# उहाँका वरदानहरूका बारेमा तपाईंले जानेको परमेश्वरले चाहनुहुन्छ

परमेश्वरसँग सबै विश्वासीहरूका निम्ति आत्मिक वरदानहरू छन् भन्ने कुरा पहिलो पाठमा तपाईंले सिकिसक्नुभएको छ। आफ्ना वरदानहरूको प्रयोगमा प्रत्येक विश्वासी विश्वासयोग्य भएको र कुनै पनि वरदानलाई अर्थपूर्ण बनाउनका लागि विश्वासीमा प्रेम हुनुपर्छ भनी परमेश्वरले आशा राख्नुहुन्छ भन्ने कुरा पनि तपाईंले पत्ता लगाइसक्नुभएको छ। अब तपाईंले वरदानहरूकै बारेमा केही कुरा सिक्नु आवश्यक छ।

वरदानहरूलाई बुझ्नका लागि यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ। परमेश्वरका वरदानहरूको ज्ञान विश्वासीका लागि महत्त्वपूर्ण छ भन्ने कुरा तपाईंले देख्नुहुनेछ। विभिन्न किसिमका आत्मिक वरदानहरू विश्वासीहरूको झुण्डमा ती कसरी सम्बन्धित छन्, त्यस बारेमा तपाईं जान्न पनि थाल्नुहुनेछ।

यस पाठको सम्बन्धमा एउटा अति उत्साहित कुराचाहिँ यो हो कि तपाईंको निम्ति परमेश्वरसँग भएका केही आत्मिक वरदानहरूलाई पहिचान गर्न यसले सहायता पुऱ्याउन सक्छ। तपाईंले आफ्नो आत्मिक वरदानलाई पहिचान गर्नुभएपछि तपाईं यसलाई विकास गर्न थाल्नुहुन्छ र अझै अर्थपूर्ण बनाउनुहुन्छ।



## पाठको रूपरेखा

जान्नुको महत्त्व
  ज्ञानले विश्वास उत्पादन गर्छ
  ज्ञानले विश्वासलाई सञ्चालन गर्छ
  ज्ञानले अनुभवलाई निर्धारण गर्छ
वरदानहरूका समूहहरू
  सेवाका वरदानहरू
  अन्य सेवाका वरदान
  आत्माका वरदानहरू

---

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंलेः

- आत्मिक वरदानहरूको सम्बन्धमा ज्ञानको महत्त्वलाई व्याख्या गर्न सक्नुपर्नेछ।
- आत्मिक वरदानहरूलाई समूहमा वर्गीकरण गर्न सक्नुपर्नेछ।

---

## सिक्ने क्रियाकलापहरू

१. पाठलाई पढ्नुहोस् र विशेष रूपमा तपाईंलाई महत्त्वपूर्ण लागेका शब्दहरू वा वाक्यांशहरूका मुनि धर्को तान्नुहोस्।
२. १ कोरिन्थी १ ३ लाई लगातार कण्ठ गरिरहनुहोस्।
पहिला दुइ पदहरूलाई चर्को स्वरमा उद्धरण गरी समीक्षा गर्नुहोस्। त्यसपछि ३ र ४ पदहरूलाई कण्ठ गर्नुहोस्।

३. आत्मिक वरदानहरूका तीन समूहहरूलाई देखाउँदै छुट्टै अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस् र पाठ विकासमा तिनीहरूलाई दिइएभैं सम्बन्धित वरदानहरूलाई त्यहाँ भर्नुहोस्।
४. तपाईंले नबुभ्नुभएका मुख्य शब्दहरूका अर्थलाई यस पुस्तकको अन्त्यमा राखिएको शब्दकोशमा हेर्नुहोस्।
५. पाठको प्रत्येक कदमलाई पछ्याई अभ्यासहरू पूरा गरेर आफ्नो प्रगतिलाई जाँच्नुहोस्।
६. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस्। तपाईंका उत्तरहरूलाई जाँच्नुहोस्। आफूले दिएको उत्तर ठीक छ भनी आफू निश्चित हुनका लागि उत्तरहरूलाई पाठको सम्बन्धित खण्डसँग दाँज्नुहोस्।

## *मुख्य शब्दहरू*

अलौकिक
जग
सञ्चालन गर्नु

## *पाठ विकास*

### जान्नुको महत्त्व

उद्देश्य १: *आत्मिक वरदानहरूको ज्ञान विश्वासीको निम्ति किन महत्त्वपूर्ण छ, एक छोटो अनुच्छेदमा वर्णन गर्नुहोस्।*

**ज्ञानले विश्वास उत्पादन गर्छ**

विश्वासचाहिँ सबै आत्मिक वरदानहरू र तिनीहरूको प्रयोगको हृदय हो। तिनीहरू आत्मिक अर्थात् आत्माका हुन् भन्ने वास्तविकताले विश्वासको निम्ति भएको आवश्यकता देखाउँछन्। विश्वासले हामीलाई विश्वासीहरू बनाउँछ। विश्वासीहरूका रूपमा वरदानहरूद्वारा विश्वासले हामीलाई उपयोगी पनि बनाउँछ।

**बाइबल ज्ञान ——▶ विश्वास ——▶ आत्मिक वरदानहरू**

मानिसहरूले कसरी विश्वास प्राप्त गर्छन्? उत्तर दुवै साधारण र निश्चित छ। विश्वास बाइबल ज्ञानद्वारा उत्पादन गरिन्छ। यसरी यी

आत्मिक वरदानहरूका ज्ञानद्वारा विश्वासलाई अस्तित्वमा ल्याइएको छ। पावलले यसरी लेख्दा यसलाई स्पष्ट पारेका थिए, "तर जसलाई विश्वास गरेकै छैनन्, उहाँलाई मानिसहरूले कसरी पुकार्नें?" (रोमी १०:१४)। सुसमाचारको सन्देशको सुनाइद्वारा ज्ञान प्राप्त हुन्छ। एक पल्ट ज्ञान प्राप्त गरेपछि, विश्वास सम्भव बन्छ।

एफिससमा भएका चेलाहरूका बारेमा विचार गर्नुहोस्। पावलले तिनीहरूलाई भेट्दा प्रश्न गरेका थिए, "जब तिमीहरूले विश्वास गऱ्यौ के तिमीहरूले पवित्र आत्मा पायौ?" (प्रेरित १९:२)। अनि तिनीहरूले जवाफ दिए, "पवित्र आत्मा हुनुहुन्छ भन्ने त हामीले सुनेका पनि छैनौं" (प्रेरित १९:२)। तिनीहरूले नसुनेका हुनाले तिनीहरूलाई थाहा थिएन। तिनीहरूलाई थाहा नभएको हुनाले, तिनीहरूले विश्वास गर्न सकेनन्।

तब पावलले तिनीहरूलाई सिकाउन शुरू गरे। उनको शिक्षणद्वारा तिनीहरूले ज्ञान प्राप्त गरे। अनि तिनीहरूमा ज्ञान प्राप्त भएपछि तिनीहरूका हृदयमा विश्वासको जन्म भयो। त्यसकारण हामीलाई थाहा छ कि आत्मिक वरदानहरूको ज्ञान वरदानहरूलाई ग्रहण गर्न र पहिचान गर्नको निम्ति विश्वासतर्फको पहिलो कदम हो र यसले नै तिनीहरूको प्रभावकारी प्रयोग गर्न सकिन्छ। आत्मिक वरदानहरूका बारेमा हामीले नजानुन्जेल परमेश्वरले चाहनुभएअनुसार हाम्रा जीवन र सेवामा तिनीहरूको स्थान हुनेछैन।

१ १ कोरिन्थी १२:१; १ कोरिन्थी १४:३६; प्रेरित १९:१-७; र रोमी १२:६ पढ्नुहोस्। खाली ठाउँमा ठीक शब्द वा शब्दहरू राखी तलका बयानहरूलाई पूरा गर्नुहोस्।

**क**. सबै आत्मिक वरदानहरूको हृदयचाहिँ ...................... हो।
**ख**. ............................ द्वारा विश्वासलाई उत्पादन गरिन्छ।
**ग**. यस अध्ययनबाट हामीले चाहने सबैभन्दा महत्त्वपूर्ण कुरा ................................... को बारेमा भएको ज्ञान हो।

## ज्ञानले विश्वासलाई सञ्चालन गर्छ

ज्ञानले विश्वास मात्र उत्पादन गर्दैन तर यसले यसलाई सञ्चालन पनि गर्छ। सञ्चालन गर्छभन्दा हामीले यही अर्थ दिएका हुन्छौं कि यसले मार्गदर्शन प्रदान गर्छ र यसका सीमाहरूलाई निर्धारण गर्छ। यसै

कारणले गर्दा नै सम्भव भएसम्म ज्ञान पूर्ण र सत्य हुनु महत्त्वपूर्ण हुन्छ। अपूर्ण र असत्य ज्ञानले अपूर्ण र असत्यतामा आधारित विश्वास दिन्छ। आधार त्यो हो, जसमा कुनै कुरा अड़िएको हुन्छ। साँचो जग वा आधारविनाको विश्वास आधा जगमा निर्माण भएको घरजस्तै हो।

उदाहरणको लागि, अन्य भाषाहरूको वरदान आज हाम्रो निम्ति होइन भनी धेरै विश्वासीहरूलाई सिकाइएको छ, तिनीहरूले यस किसिमको असत्य शिक्षा पाएका हुनाले, यस वरदान प्राप्त गर्ने तिनीहरूको विश्वासमा कमी आएको छ।

तिनीहरूले आफूले जे जानेको छु भन्छन्, सो बाइबल आधारित नभए तापनि तिनीहरूले जानेका कुरामा मात्र तिनीहरू विश्वास गर्न सक्छन्। तिनीहरूको विश्वासले तिनीहरूलाई तिनीहरूको ज्ञानबाट टाढ़ा लान सक्दैन। जबसम्म तिनीहरूको ज्ञानको आधारलाई परिवर्तन गरिंदैन, यी विश्वासीहरूले जीवनभरि नै अन्यभाषाहरूको वरदान तिनीहरूका लागि होइनन् भनी विश्वास गर्छन्। यसैले आत्मिक वरदानका बारेमा हामीलाई पूर्ण र सत्य ज्ञान हुन अति आवश्यक छ।

२ यूहन्ना ८ः३०-३२ पढ्नुहोस्। प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरको वरिपरि घेरा लगाउनुहोस्।

**क.** ज्ञानले विश्वासलाई सञ्चालन गर्छ।
**ख.** ठीक ज्ञान महत्त्वपूर्ण छैन।
**ग.** विश्वासले हामीलाई हाम्रो ज्ञानभन्दा टाढ़ा लैजान्छ।

## ज्ञानले अनुभवलाई निर्धारण गर्छ

ज्ञानले हाम्रो विश्वासलाई उत्पादन र सञ्चालन गर्ने हुनाले, यसले हामीलाई अनुभवतर्फ पनि लैजानुपर्छ। यस क्रमलाई हामीले हाम्रो मनमा राख्नु आवश्यक छः १) ज्ञान, २) विश्वास, र ३) अनुभव। आत्मिक वरदानहरूका बारेमा हामीले नजानुञ्जेलसम्म, विश्वासद्वारा हामी तिनीहरूमा विश्वास गर्न सक्दैनौं। हामीले आत्मिक वरदानहरूमा विश्वास नगरुञ्जेल परमेश्वरले चाहना गर्नुभएको हाम्रो अनुभवको भाग तिनीहरू बन्न सक्दैनन्।

**ज्ञान → विश्वास → अनुभव**

एफिससमा भएको पावलको अनुभवलाई प्रेरित १९ मा समीक्षा गर्नुहोस्। यी एफिसीहरूले पवित्र आत्माका बारेमा नजानेका हुनाले, तिनीहरूले उहाँमा विश्वास गर्न सकेका थिएनन् भन्ने कुरा हामीले हेरिसकेका छौं। तिनीहरूले नजानेका कारण तिनीहरूले विश्वास गर्न सकेका थिएनन् र यसरी तिनीहरूका निम्ति परमेश्वरले योजना गर्नुभएको अनुभवको तिनीहरूमा कमी थियो। पवित्र आत्माका बारेमा तिनीहरूले जानेका छैनन् भनी पावललाई थाहा भएपछि उनले तिनीहरूलाई सिकाउन शुरू गरे। उनले तिनीहरूलाई नयाँ ज्ञान दिए। तब तिनीहरूले पहिले विश्वास गर्न नसकेको कुरामा विश्वास गर्न सके। अनि तिनीहरूको विश्वासले तिनीहरूको नयाँ ज्ञानमा काम गरेपछि तिनीहरू पूर्ण नयाँ अनुभवमा प्रवेश गरे। तिनीहरूको नयाँ अनुभवलाई पावलको शिक्षाबाट प्राप्त नयाँ ज्ञानमा औंल्याउँन सकिन्छ।



आत्मिक वरदानहरूको ज्ञान कति धेरै महत्त्वपूर्ण छ भनी हेर्नका लागि यसले हामीलाई सहायता गर्छ। हामीले नजानुञ्जेलसम्म, हाम्रो अनुभव सीमित नै रहन्छ।

यस बारेमा हामी अझ केही विचार गरौं। पावलले कोरिन्थीहरूलाई लेख्दा तिनीहरूसँग आत्माका वरदानहरू थिए भनी उनले उल्लेख गरेका छन्। "किनकि हरप्रकारले, अर्थात् सबै बोली र सबै ज्ञानमा तिमीहरू उहाँमा धनी भएका छौ– किनकि ख्रीष्टको विषयमा हाम्रो गवाही तिमीहरूमा सुदृढ भएको छ– ताकि तिमीहरूले हाम्रा प्रभु येशू ख्रीष्ट प्रकट हुने कुराको प्रतीक्षा गर्दा तिमीहरूमा कुनै आत्मिक वरदानको अभाव छैन" (१ कोरिन्थी १:५-७)। कोरिन्थीहरूले यी आत्मिक वरदानहरूलाई जानेका र धेरै जनासँग आत्मिक वरदान भएको जस्तो देखिन्छ। तर पनि तिनीहरूका बारेमा जान्नु र आफूसँग ती हुनु मात्र पर्याप्त थिएन। ती वरदानहरूलाई कसरी

प्रयोग गर्नुपर्छ भन्ने बारेमा तिनीहरूले जान्नु आवश्यक थियो, "भाइ हो, आत्मिक वरदानको विषयमा अजान रहो भन्ने मेरो इच्छा छैन" (१ कोरिन्थी १२:१)।

यी वरदानहरूका बारेमा भएका सत्यता जान्नाले तिनीहरूका प्रयोगमा अझै फलदायक अनुभवतर्फ हामी लगिएका हुन्छौं। यसैले नै आत्मिक वरदानहरूका बारेमा हामीले जे सक्छौं सो सिक्नु आवश्यक छ।

**३** ठीक शब्द वा शब्दहरू थपी तलका प्रत्येक बयानहरूलाई पूरा गर्नुहोस्।

**क.** आत्मिक वरदानहरू प्राप्त गर्ने ठीक क्रम, ज्ञान, .............. र ............................................................ हो।
**ख.** विश्वास...................... द्वारा उत्पादन र सञ्चालन हुन्छ।
**ग.** आत्मिक वरदानहरूका सत्यता जान्नाले हामी अझै फलदायक ................................... मा पुग्न सक्छौं।

## वरदानहरूका समूहहरू

उद्देश्य २: *प्रत्येक समूहमा आत्मिक वरदानहरूको सूची बनाउनुहोस्।*

उद्देश्य ३: *सेवाका वरदानहरू, अन्य सेवाका वरदानहरू, र आत्माका वरदानहरूका बीचमा भिन्नता देखाउनुहोस्।*

### सेवाका वरदानहरू

आत्मिक वरदानहरू कुन समूह अन्तरगत पर्छन् भनी बाइबलले निर्धारित सूची तोकेको छैन। कहिलेकहीँ यी समूहहरू एकसाथ सञ्चालन भएको पनि देखिन्छ। यसले यही नै भन्न खोजेको हो कि सबै आत्मिक वरदानहरू नजीकतामा सम्बन्धित छन्। यद्यपि यस अध्ययनमा हाम्रा उद्देश्यहरूका निम्ति वरदानहरूलाई तीन भागमा विभाजित गर्दा यसले हामीलाई सहायता पुऱ्याउँछ। प्रत्येक समूहको आफ्नै सूची हुनेछ। एक समूहमा भएका केही वरदानहरू अर्को समूहमा भएका वरदानहरूजस्तै हुन सक्छन्। तर यसले हामीलाई

अल्मल्याउनु आवश्यक छैन, किनकि सबै वरदानहरू परमेश्वरबाट नै आउँछन् र सबैको सामान्य उद्देश्य हुन्छ– परमेश्वरको महिमाको निम्ति विश्वासीहरूको समूहलाई निर्माण गर्नु।

यो पहिलो सूचीमा ती वरदानहरू समावेश गरिएका छन्, जुनचाहिँ विश्वासीहहरूको समूहमा भएको हाम्रो अति उच्च जिम्मेवारीहरूसँग विशेष गरी सम्बन्धित छन्। पावलले एफिसीमा यो हामीलाई दिएका छन्ः "तर ख्रीष्टको वरदानको नापअनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ। यसकारण यसो भनिएको छः "उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।" ... अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्" (एफिसी ४:७-८,११)।

सेवाका वरदानहरूमुनि लेखिने हाम्रो सूची यस्तो हुनुपर्छः

१. प्रेरितहरू
२. अगमवक्ताहरू
३. प्रचारकहरू
४. पास्टरहरू
५. शिक्षकहरू

केही विद्वान्‌हरूले हामीलाई भनेका छन् कि पास्टरहरू र शिक्षकहरू सेवाका एउटै वरदान हुन्– शिक्षण पास्टरहरू। यस बारेमा हाम्रो हाम्रो अर्को पाठमा हामी सिक्नेछौं।

प्रत्येक वरदानको प्रयोगको बारेमा पनि हामी अर्को पाठमा अझै सिक्नेछौं। यद्यपि, सेवाका यी सबै वरदानहरूका निम्ति भएको सामान्य उद्देश्यलाई हेर्नु अहिले हाम्रो निम्ति सहयोगपूर्ण हुन्छ। पावलले एफिसी ४:१२ मा यो हामीलाई दिएका छन्, "ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्ने सन्तहरू सुसज्जित होऊन" भनी उहाँले यो गर्नुभयो।

**४** १ कोरिन्थी १२:२७-३० पढ्नुहोस्। तल दिइएको प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** आत्मिक वरदानहरूको प्रत्येक समूहको निम्ति बाइबलले दुरुस्त सूची दिएको छ।

**ख.** सबै आत्मिक वरदानहरू नजीकतामा सम्बन्धित छन्जस्तो देखिन्छ।
**ग.** एक समूहमा भएको वरदान अर्को समूहमा भएको वरदानसँग मिल्दोजुल्दो हुन्छ।
**घ.** सबै आत्मिक वरदानहरू परमेश्वरबाट आउँदैनन्।
**ङ.** अन्य भाषाहरूमा बोल्नु, विश्वास, र आश्चर्य कर्महरू सेवाका वरदानहरू हुन्।
**च.** पास्टरहरू र शिक्षकहरूलाई शिक्षण पास्टरहरूका रूपमा सूचीमा राख्न सकिन्छ।

## अन्य सेवाका वरदानहरू

आत्मिक वरदानहरूका हाम्रा तीन समूहहरूमा अर्कोचाहिँ *अन्य सेवाका वरदानहरू* हो। यस समूहमा कुन-कुन वरदानहरू समावेश गरिएका छन् भनी पत्ता लगाउनुभन्दा पहिले, तीन समूहहरूका बारेमा हामी आफैलाई स्मरण गराऔं:

१. सेवाका वरदानहरू
२. अन्य सेवाका वरदानहरू
३. आत्माका वरदानहरू

अन्य सेवाका वरदानहरू अन्तरगत भएका अरू सबै वरदानहरूलाई वा त रोमी १२ वा १ कोरिन्थी १२ मा उल्लेख गरिएको छ। सेवाका वरदानहरू वा आत्माका केही वरदानहरूजस्तै तिनीहरूलाई सजिलैसँग चिन्न सकिँदैन। यसको अर्थ ती महत्त्वपूर्ण छैनन् भन्ने हुँदैन। हरेक अवस्थामा तिनीहरूले शरीरमा भएको विशेष आवश्यकतालाई पूरा गरेका हुन्छन्। तपाईंको मुटुको बारेमा विचार गर्नुहोस्। यो सानो हुन्छ। यसलाई देख्न सकिँदैन। यसले बोल्न सक्दैन। यसको अर्थ यो महत्त्वपूर्ण छैन भन्ने हुन्छ र? अवश्य पनि हुँदैन। योविना तपाईंका हातहरू, तपाईंका खुट्टा, तपाईंको शिर र तपाईंको शरीरका अन्य कुनै पनि भागले आफ्नो काम गर्न सक्दैनन्।

अति सानो भागको पनि महत्त्वपूर्ण कार्य हुन्छ। यसले सम्पूर्ण शरीरको भलाइको निम्ति सेवा गर्छ। यसलाई देख्न वा नदेख्न पनि सकिन्छ। तर यसलाई महत्त्वपूर्ण बनाउने कुरा त्यो होइन। शरीरमा जुन सेवा गर्ने उद्देश्यका साथ यसलाई राखिएको छ, त्यसले नै यसलाई

महत्त्वपूर्ण बनाएको हो। योविना शरीर अस्वस्थ र आफ्नो कर्तव्य पूरा गर्न असक्षम हुने थियो। सम्पूर्ण विश्वासीहरूका सम्बन्धमा अन्य सेवाका वरदानहरूसँग पनि यो कुरा सत्य छ।

यस समूहमा समावेश गरिएका अन्य सेवाका वरदानहरू यस प्रकार छन्:

१. सेवा
२. शिक्षण
३. अर्ती
४. दिने
५. शासन (प्रशासन)
६. कृपा देखाउनु
७. सहायता

**५** रोमी १२:६-१३; १ कोरिन्थी १२:२८; १ कोरिन्थी १२:२२-२५ लाई पढ्नुहोस्। तल दिइएका बयानहरूका खाली ठाउँमा भर्नुहोस्।

**क**. वरदानहरूका तीन समूहहरू हुन्: ................................
..................................................................

**ख**. वरदानलाई महत्त्वपूर्ण बनाउने कुरा त्यो हो कि जुन............ को निम्ति यो दिइएको छ सोको सेवा गर्नु हो।

**ग**. अन्य सेवाका तीन वरदानहरू .............................. हुन्।

**६** अन्य सेवाका वरदानहरू अन्तरगत हामीले सूची बनाएका सेवाका वरदानहरू यस किसिममा महत्त्वपूर्ण छन् कि

**क**. तिनीहरूलाई बुझ्न सजिलो छ।

**ख**. जुन उद्देश्यका निम्ति तिनीहरू आवश्यक छन् सोको सेवा तिनीहरूले गर्छन्।

**ग**. तिनीहरूलाई सेवाका महत्त्वपूर्ण वरदानहरूका रूपमा सजिलैसँग चिनिन्छ।

**आत्माका वरदानहरू**

सबै आत्मिक वरदानहरू परमेश्वरबाट आउँछन्। आत्माका अन्य वरदानहरू भनिने वरदानहरूको एक समूह त्यहाँ छ। तिनीहरू विशेष रूपमा अलौकिक हुन्छन्। *अलौकिक* शब्द दुइ शब्दहरूबाट आउँछ: १) *अ* 'होइन' र २) *लौकिक*, "स्वाभाविक क्रमलाई पछ्याउने" भन्ने अर्थ यसले दिएको हुन्छ। यसले आत्मिक संसार वा परमेश्वरलाई सम्बोधन गरेको हुन्छ। त्यसकारण, आत्माका वरदानहरू

अलौकिक छन् भनी हामीले भन्दा हामीले यही नै अर्थ दिएका हुन्छौं कि तिनीहरूको स्रोत परमेश्वरमा छ र परमेश्वरबाट नै तिनीहरूको शक्ति आउँछ।

उदाहरणको लागि, अन्य भाषाका वरदानहरूको बारेमा विचार गरौं। अर्को भाषा सिक्न सक्ने क्षमता एक व्यक्तिमा हुन्छ भनी हाम्रो अनुभव र अवलोकनले बताउँछ। तर उसले अझै नसिकेको भाषामा उसले बोल्छ भन्ने कुराको हामी प्रतीक्षा गर्दैनौं। तर पनि अन्य भाषाहरूको वरदान दिइएपछि एक व्यक्तिले आफूले कहिल्यै नसिकेको भाषा सिक्न सक्छ। यसरी उसको वरदान अलौकिक हो भनी हामी भन्छौं। परमेश्वरबाट आउने विशेष क्षमता र शक्तिका साथ बोल्नका लागि ऊ सक्षम हुन्छ।

आत्माका वरदानहरू सबै अलौकिक हुन्छन्। अर्थात् तिनीहरू मानवीय उपायद्वारा सम्भव हुँदैनन्। कुनै पनि मानवीय खूबीले तिनीहरूलाई उत्पादन गर्न सक्दैनन्। वास्तवमा, *मानवीय* खूबी भन्नेजस्तो कुरा त्यहाँ छँदैछैन। सबै योग्यताहरू परमेश्वरबाट नै आउँछन्, तर आत्मिक वरदानहरू *सामान्य खूबीहरूभन्दा* विशेष वरदानहरू हुन्। आत्माका वरदानहरूका यस समूहमा यी समावेश गरिएका छन्:

१. बुद्धिको वचन
२. ज्ञानको वचन
३. विश्वास
४. निको पार्ने वरदानहरू
५. आश्चर्य कर्महरू
६. अगमवाणी
७. आत्माहरू छुट्ट्याउनु
८. अन्यभाषाहरूका वरदान
९. अन्यभाषाहरूका अर्थ खोल्नु

७ १ कोरिन्थी १२ अनुसार सबै आत्मिक वरदानहरू कसद्वारा दिइन्छ?

**क**. विश्वासीहरू
**ख**. परमेश्वर
**ग**. शिक्षकहरू
**घ**. प्रेरितहरू

८ हामीले अध्ययन गरेअनुसार अलौकिक शब्दको अर्थ के हुन्छ?

**क**. मानवीय खूबी।

**ख**. हामीले सिक्ने वा प्राप्त गर्ने कुरा।
**ग**. प्रकृति (स्वाभाविक) कुराहरूको क्रमभन्दा माथि।

९ अज्ञात स्वर्गीक भाषामा बोल्ने कुरा

**क**. निर्दिष्ट उद्देश्यको निम्ति भएको परमेश्वरबाटको वरदानको रूपमा आउँछ।
**ख**. हाम्रा मानवीय खूबीहरूबाट आउँछ।
**ग**. स्वाभाविक नियमको सिकाइबाट आउँछ।

१० तलको प्रत्येक ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. सेवाका वरदानहरू र अन्य सेवाका वरदानहरू आत्माका वरदानहरूभन्दा केही भिन्न छन्।
**ख**. अन्य सेवाका वरदानहरू महत्त्वपूर्ण छैनन्।
**ग**. हाम्रा लागि सबै आत्मिक वरदानहरू महत्त्वपूर्ण छन्, किनकि तिनीहरूले विश्वासीहरूका समूहका निम्ति भएको उद्देश्यको सेवा गर्छन्।

११ तल केही आत्मिक वरदानहरूको सूची बनाइएको छ। प्रत्येकको अगाड़िको खाली ठाउँमा यदि सेवाको वरदान हो भने **से** यदि अन्य सेवाका वरदान हो भने **अ से** र यदि आत्माको वरदान हो भने **आ** लेख्नुहोस्।

.... **क** अगमवाणी
.... **ख** पास्टर
.... **ग** अन्य भाषाहरू
.... **घ** दिने
.... **ङ** विश्वास
.... **च** सहायता
.... **छ** प्रेरितहरू
.... **ज** निको पार्ने वरदानहरू
.... **झ** शिक्षकहरू
.... **ञ** अर्ती

## स्वयम्-जाँच

**छोटो उत्तरः** उपलब्ध गराइएका धर्काहरूमा ठीक शब्दहरू लेखी तल दिइएका बयानहरूलाई पूरा गर्नुहोस्।

१ आत्मिक वरदानहरूका सम्बन्धमा तपाईं सचेत हुनुपर्ने यस पाठमा उल्लेखित तीन सिद्धान्तहरू के-के हुन्?

**क.** ..................................................................
**ख.** ..................................................................
**ग.** ..................................................................

२ आत्मिक वरदानहरूको प्रयोगको सम्बन्धमा ज्ञानले गर्ने तीन थोकहरूको नाम दिनुहोस्।

**क.** ..................................................................
**ख.** ..................................................................
**ग.** ..................................................................

३ बाइबललाई प्रयोग गरी सेवाका पाँच वरदानहरूको सूची बनाउनुहोस् र तिनीहरूलाई उल्लेख गर्नुहोस्।

**क.** ............................ **ख.** ..................................
**ग.** ............................ **घ.** ..................................
**ङ.** ............................ बाइबल पद ..........................

४ अन्य सेवाका चारवटा वरदानहरूको नाम दिनुहोस्।

**क.** ............................ **ख.** ..................................
**ग.** ............................ **घ.** ..................................

५ आफ्नो बाइबललाई प्रयोग नगरीकन, आत्माका नौवटा वरदानहरूको सूची बनाउनुहोस्।

**क.** ............................ **ख.** ..................................
**ग.** ............................ **घ.** ..................................
**ङ.** ............................ **च.** ..................................

छ. ............................ ज. ..................................

झ. ............................

६ १ कोरिन्थी १३:१-२ लाई स्मरणबाट लेख्नुहोस्।

..............................................................................

..............................................................................

..............................................................................

**सबैभन्दा ठीक उत्तर छान्ने प्रश्नः** प्रत्येक प्रश्नको निम्ति एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अक्षरको वरिपरि घेरा लगाउनुहोस्।

७ आत्मिक वरदानहरूका बारेमा ठीक ज्ञान हुनु महत्त्वपूर्ण छ, किनकि

**क**. तिनीहरूका बारेका प्रश्नहरूलाई जवाफ दिन यसले हामीलाई सक्षम तुल्याउँछ।
**ख**. विश्वासलाई एक असल जग दिन्छ।
**ग**. वरदानहरूको नाम उल्लेख गर्न हामीलाई सहायता गर्छ।

८ विश्वासलाई केद्वारा उत्पादन गरिन्छ?

**क**. प्रेम
**ग**. ज्ञान
**ग**. खूबीहरू

९ एफिसीहरू अझै पवित्र आत्मामा बप्तिस्मा भएका थिएनन्, किनकि

**क**. तिनीहरूले त्यसो हुन चाहेनन्।
**ख**. बप्तिस्मा तिनीहरूका निम्ति थिएन।
**ग**. यस बारेमा तिनीहरूलाई थाहा थिएन।

तपाईंको पाठ ३ लाई अध्ययन गर्नुभन्दा पहिले एकाइ १ को विद्यार्थी प्रतिवेदनलाई पूरा गरी तपाईंको उत्तर-पृष्ठलाई तपाईंका आई सी आई प्रशिक्षककहाँ पठाउन नभुल्नुहोस्।

**अध्ययन प्रश्नहरूका उत्तरहरू**

१ **क** विश्वास
**ख** बाइबल ज्ञान
**ग** आत्मिक वरदानहरू

६ ख) जुन उद्देश्यका निम्ति तिनीहरू आवश्यक छन् सोको सेवा तिनीहरूले गर्छन्।

२ **क** ठीक
**ख** बेठीक
**ग** बेठीक

७ ख) परमेश्वर

३ **क** विश्वास, अनुभव
**ख** ज्ञान
**ग** अनुभव

८ ग) प्रकृति (स्वाभाविक) कुराहरूको क्रमभन्दा माथि।

४ **क** बेठीक
**ख** ठीक
**ग** ठीक
**घ** बेठीक
**ङ** बेठीक
**च** ठीक

९ क) निर्दिष्ट उद्देश्यको निम्ति भएको परमेश्वरबाटको वरदानको रूपमा आउँछ।

५ **क** सेवाका वरदानहरू, अन्य सेवाका वरदानहरू, र आत्माका वरदानहरू
**ख** उद्देश्य।

ग अर्ती, शासन, दिनु, कृपा देखाउनु, प्रेम, सहायता (माथि उल्लेखित कुनै पनि तीनवटा स्वीकारयोग्य छन्)।

१० क ठीक
ख बेठीक
ग ठीक

११ क आ
ख से
ग आ
घ असे
ङ आ
च असे
छ से
ज आ
झ से
ञ असे

# तपाईंको बुँदा टिपोटको निम्ति